**OKHALDHUNGA : ओखलढुङ्गा**
[Yearly Peer Reviewed Journal]
ISSN: 3021-9965
Vol. 2, No. 3, May 2025
Published by Okhaldhunga Campus

# कृष्णचन्द्र सिंह प्रधान र उनको गौतम 'बुद्धको चिठी अशोकका नाममा' निबन्धको विश्लेषण

**प्रमिला बस्नेत**

*Article History : Submitted 2 March. 2025; Reviewed 13 April 2025; Accepted 6 May 2025*
*Author : Pramila Basnet Email: basnetpari001@gmail.com*
*DOI: https://doi.org/10.3126/oj.v2i3.80000*

**लेखसार**

*गौतम बुद्धको चिठी अशोकका नाममा' निबन्धका निबन्धकार कृष्णचन्द्रसिंह निबन्धगत प्रवृत्ति कसरी केलाउन सकिन्छ तथा निबन्धका मूल तत्त्वहरू वस्तु, विचार र शैलीका आधारमा निर्दिष्ट उपन्यासलाई विश्लेषण गरी कस्तो निष्कर्ष प्रस्तुत गर्न सकिन्छ भन्ने मूल समस्यात्मक प्रश्नमा केन्द्रित भई प्रस्तुत लेख तयार पारिएको छ । पुस्तकीय अध्ययनका आधारमा वर्णनात्मक विधि अपनाएर तयार गरिएको यस लेखको निष्कर्ष छ : प्रवृत्तिका हिसाबले कृष्णचन्द्र प्रधान प्रगतिवादी, प्रयोगवादी निबन्धकार हुन् । उनको 'गौतम बुद्धको चिठी अशोकका नाममा' निबन्धमा मार्क्सवाद, फ्रायडवाद, विसङ्गतिवाद, अस्तित्ववाद तथा गान्धीवादको प्रभाव परेको पाइन्छ । विषयवस्तुका हिसावले यस निबन्धमा नेपाल भारतका बुद्ध तथा अशोक कालीन सम्बन्धदेखि अहिलेसम्मको सम्बन्धलाई लिइएको छ । प्रस्तुतिको शैलीका हिसावले निबन्धमा शब्द रखाइ, वाक्य छनोटका क्रममा विभिन्न विचलन (आर्थी विचलन, भाषिक विचलन, व्याकरणीक विचलन) तथा समानान्तरताको प्रयोग भएको छ ।*

**मुख्य शब्द :** प्रगतिवादी, वस्तुतत्त्व, विचारतत्त्व, भाषिक विचलन, व्याकरणीक विचलन

## विषय प्रवेश

'निबन्ध' शब्द संस्कृत भाषाबाट नेपालीमा आएको शब्द हो । संस्कृतको 'बन्ध' धातुमा 'घञ' प्रत्यय लागेर बन्धमा 'नि' उपसर्ग लागेर (नि+बन्ध+घञ=निबन्ध) निबन्ध शब्द बनेको हो । निबन्ध शब्दको व्युत्पतिगत अर्थ बाध्नु,सङ्ग्रह गर्नु वा जुटाउनु भन्ने हुन्छ । पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग प्राचीन

कालमा महाभारतको 'श्रीमद्भागवत गीता' खण्डमा कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा दार्शनिक सन्दर्भमा आत्मालाई सांसारिक माया जालमा बाँधेर राख्ने आसुरी सम्पतिका अर्थमा निबन्ध शब्दको प्रयोग गरिएको पाइन्छ ।

पाश्चात्य जगतमा निबन्ध शब्द फ्रान्सबाट साहित्यकार मिसल र मोन्तेनद्वारा १६ औँ शताब्दीमा उत्पति भएको मानिन्छ ।ग्रीक भाषामा निबन्धलाई 'Eassais' भनिन्छ, जसको अर्थ To try (प्रयास गर्नु) भन्ने हुन्छ । त्यस्तै निबन्ध शब्द अङ्ग्रेजी भाषाको 'Essay' को रूपान्तरित शब्द हो । Essay शब्दको अर्थ 'To try' (प्रयास गर्नु), 'To test' (जाँच गर्नु),'To attempt' (मिहिनेत गर्नु) भन्ने हुन्छ । तर साहित्यमा यसको तात्पर्य भावनाका विखण्डित कणहरूलाई सिलसिलाबद्ध ढङ्गले प्रकट गर्ने प्रकट गर्ने प्रयास गर्नु भन्ने हुन्छ ।

निबन्ध भनेको स्पष्टसँग आफ्ना विचार र अनुभूतिलाई पाठक समक्ष सहमति गराउनु वा पाठकलाई अनुमोदन गराउनु हो । निबन्ध त्यस्तो साहित्यिक रचना हो, जुन एउटा विषयमा मात्र केन्द्रित हुन्छ, यसमा लेखकका व्यक्तिगत अनुभव, अनुभूति र दृष्टिकोणहरू सहज र स्वभाविक रूपमा व्यक्त भएको हुन्छ । यस लेखमा निबन्धका तत्त्वहरू ( वस्तु, विचार तथा शैली) लाई सैद्धान्तिक पर्याधार मानी निबन्धकार कृष्णचन्द्र सिंह प्रधानको '*गौतम बुद्धको चिठी अशोकका नाममा*' निबन्धको बिश्लेषण पुस्तकीय अध्ययनका आधारमा वर्णनात्मक विधि अपनाएर गरिएको छ ।

**निबन्धकारको सामान्य परिचय र प्रवृत्ति :**

आधुनिक निबन्धकार कृष्णचन्द्र सिंह प्रधान नेपाली निबन्ध साहित्यको क्षेत्रमा एक चर्चित र अग्रणी व्यक्तित्व हुन् । उनको जन्म १९८२ साल श्रावणमा काठमाडौँमा भएको थियो भने मृत्यू २०६७ सालमा भएको हो । निबन्धकार प्रधानमा हेर्दा उनको निबन्धका विषयवस्तुले व्यापक क्षेत्र ओगटेको पाइन्छ ।

प्रधान कक्षा पाँच सम्मको अध्ययन गरी त्यसपछि सो अध्ययनबाटै बौद्धिक व्यक्तित्व निर्माण गरेका उनले वि.सं. १९९५ मा १३ वर्षको उमेरमा 'हाय तमाखु हा तमाखु' कविताको रचना गरी साहित्य लेखन सुरु गरे तर औपचारिक साहित्यिक यात्राको थालनी भने वि.सं. २००२ सालमा 'अश्रुधारा' कविता उदय पत्रिकामा प्रकाशित भएपछि मात्र भएका उनले साहित्यका विभिन्न विधा साहित्य विधा सहित निबन्ध लेखनमा पनि उनको त्यतिकै महत्त्वपूर्ण भूमिका रहेको छ । उनले निबन्ध यात्राको थालनी २००४ सालमा साहित्य वोध वर्ष १ अङ्क २ मा प्रकाशित 'झुत्रो लुगा' निबन्धबाट सुरुवात गरी 'शालिक' (२०२६), 'अनाम सत्य' (२०४६), 'पाइला आगतमा टेकेर' (२०४७), 'बाग्मतीको हरक' (२०५७), 'समय सुनामी' (२०६२) निबन्ध सङ्ग्रहहरू रचना गरी प्रकाशित भएका छन् । उनले गोरखा 'दक्षिण बाहु चौथो' (२०२५), 'साझा पुरस्कार' (२०३७), 'रत्नश्रेष्ठ पुरस्कार' (२०४६) आदि जस्ता विभिन्न पुरस्कार तथा सम्मान समेत प्राप्त गरेका थिए ।

प्रधानले आफ्ना निबन्धमा प्रयोग गरेका विषयवस्तु, भाषाशैली, लेखनक्रम तथा गतिशीलताका आधारमा उनको निबन्धयात्रालाई पहिलो चरण वि.सं. २००४-२०१७ सालसम्म, दोश्रो चरण वि.सं. २०१८-२०४५ सम्म र तेश्रो चरण वि.सं. २०४६ देखि हालसम्म गरी तिन चरणमा विभाजन गरी हेर्ने गरिन्छ । उनले प्रथम चरणको थालनी झुत्रो लुगा (२००४) बाट युद्धहीन शान्ती (२००७) प्रकाशन भएपछि यो २०१७ सालसम्म मात्र रहेको देखिन्छ । त्यस्तै दोश्रो चरण २०१८ सालमा 'गीतको दाम, कविताको भाउ मानिसको मोलतोल' निबन्ध प्रकाशित गरी २०४५ सालसम्म मात्र कायम रहेको देखिन्छ भने तेश्रो चरण २०४६ सालमा 'सन्दर्भ काठमाण्डु: नेपालको परिप्रेक्ष्यमा' प्रकाशित भएपछि सुरुवात भई उनको जीवनको अन्तिमसम्म १० वटा निबन्धहरू प्रकाशित गरेका थिए ।

प्रधानले निबन्धको माध्यमबाट जीवन जगतको सूक्ष्म चित्रण समाज, राष्ट्र, प्रकृति, दर्शन, राजनीति, इतिहास, संस्कृति, साहित्य, मनोविज्ञान आदि क्षेत्रबाट विषयवस्तु चयन गरेका छन् । समाजमा देखिने भेदभाव, अशिक्षा, खिचातानी, अज्ञानता, रुढीवाद, अन्धविश्वास, आडरम्बर, शोषण, दमन आदिले समाजमा भइरहेका समस्या र प्रभावले आफ्ना निबन्धमा प्रस्तुत गरेका छन् । उनका निबन्धमा मार्क्सवाद, फ्रायडवाद, विसङ्गतिवाद अस्तित्ववाद तथा गान्धीवादको प्रभाव परेको पाइन्छ । यी विभिन्न दर्शनलाई अघि सार्दै दर्शनका उज्यालामा समाजलाई अगाडी बढाएको पाइन्छ ।

यसरी आधुनिक नेपाली निबन्ध यात्राको प्रथम चरणबाट लेखन प्रारम्भ गरेका प्रधानले नेपालका ऐतिहासिक पुरुष, ऐतिहासिक युद्ध, विभिन्न जातजाती र तिनका संस्कृति राष्ट्रिय एवम् अन्तराष्ट्रिय राजनीतिका अनेक सन्दर्भ र युद्ध एवम् क्रान्तिका घटनाहरूलाई आफ्ना निबन्धका माध्यमबाट प्रस्तुत गरेका छन् । प्रधानका निबन्धमा विचार र भावको उचित सन्तुलन रहको छ । त्यस्तै कलात्मक, निजात्मक, प्रयोगात्मक, व्यङ्ग्यात्मक एवम् बौद्धिक प्रस्तुति र प्रतीकको प्रयोगले भाषाशैलीलाई गम्भिर तुल्याएका छन् भने हार्दिकता र बौद्धिकताको सन्तुलित प्रयोग भएको पाइन्छ ।

**बुद्धको चिठी अशोकका नाममा निबन्धको परिचय :**

निबन्ध साहित्य क्षेत्रका चर्चित तथा अग्रणी एवम् प्रगतिवादी, प्रयोगवादी निबन्धकार व्यक्तित्व कृष्णचन्द्र प्रधानद्वारा लेखन गरिएको 'गौतम बुद्धको चिठी अशोकका नाममा' निबन्धमा मार्क्सवाद, फ्रायडवाद, विसङ्गतिवाद, अस्तित्ववाद तथा गान्धीवादको प्रभाव परेको पाइन्छ । यस निबन्धमा निबन्धकारले नेपाल र भारतबीचको ऐतिहासिक सम्बन्ध खोजि गरेको पाइन्छ ।

यस निबन्धमा आजका मान्छेमा मनुष्यताको भावना गुम्दै गएको छ । भारतले नेपालमाथि आक्रमण, नाकाबन्दी गर्नुको अर्थ आफ्ना आदर्श अशोक, गान्धी महावीर आदिलाई बिर्सेर मनुष्यत्वबाट विचलित बन्दै गएको कुरा उल्लेख गरिएको छ । त्यस्तैगरी भारतले गरेको नाकाबन्दीको घटनाबाट शिक्षा लिएर नेपालले आत्मनिर्भर बन्न सिक्नुपर्छ । नेपाल शान्तिप्रिय अर्थात शान्तिको प्रतीक बुद्धको देश भएकाले राष्ट्रियता, स्वाभिमान, आस्था, अस्तित्व, जोश र जाँगर देखाउँदै यिनै शक्तिका माध्यमबाट विदेशी शक्तिलाई

परास्त गर्नुपर्छ, हातहतियारले सम्पन्न देशहरूभन्दा राष्ट्रियताको भावना प्रवल भएका देशहरूलाई महत्त्व दिनुपर्छ भन्ने भाव व्यक्त गरिएको पाइन्छ ।

अत: नेपालले अहिलेसम्म नै बुद्धले सिकाएको शान्तिको मन्त्र जपिरहेको तर भारतले भने अशोकको प्रियदर्शीता छाडी शस्त्रअस्त्रको निर्माण गरी नेपाल लगायत छिमेकी अरू राष्ट्रहरूमाथि जाइलाग्न थालेको कुरा गर्दै नेपाल र भारतको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि सम्बन्ध रहेको र एकअर्को बीच पर्खाल खडा नगरेकाले भारतले नाका थुन्नुको सट्टा नेपालसगँ प्रगाढ सम्बन्ध कायम गर्नुपर्छ र बन्धुत्वको भावना रहनुपर्छ भन्नु अर्थात देशप्रेम नै यस निबन्धको मूलभाव वा उद्देश्य रहेको पाइन्छ ।

**निबन्ध विश्लेषणको सैद्धान्तिक आधार :**

प्रस्तुत लेखमा निर्दिष्ट निबन्धको विश्लेषण तथा मूल्याङ्कनका लागि यस प्रकारको आधार तय गरिएको छ ।

**क) वस्तु तत्त्व**

वस्तुपरक निबन्धलाई परात्मक, विषयप्रधान र निर्वैयक्तिक निबन्ध पनि भनिन्छ । वस्तुपरक निबन्धमा विषय प्रधान हुन्छ र व्यक्ति गौण हुने गर्दछ । कुनै पनि लेखनमा लेखकको स्यभाव, प्रवृत्ति र दृष्टिको छाप प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अभिव्यक्त भएको हुन्छ । आफ्नो विचार र भाव त्यस्तै भाषा र अभिव्यक्ति प्रस्तुत गर्ने शैली नै व्यक्तिको स्वरूप हुन्छ ।

वस्तुपरक निबन्धमा बहिर्मुखी प्रवृत्तिको प्रधानता हुन्छ । निबन्धकारको औपचारिक सोचाइ, हेराइ र लेखाइ हुन्छ । तसर्थ यसलाई व्याख्या गर्ने दुई वटा तत्वहरू समावेश भएका हुन्छन् १) विचार तत्व २) अनुभूति तत्व ।

**अ) विचार तत्त्व**

निबन्धकारले निबन्ध लेखन गर्दा निबन्धको पहिलो वाक्यमा नै विचार हुनुपर्छ । निबन्धमा विचार प्रधान भएर आउँछ भने त्यस्ता निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ । विचारात्मक निबन्धमा निबन्धकारले आफ्ना मनमा लागेका कुराहरू अर्थात आफ्ना विचार वा भाव प्रस्तुत गरेर लेखेका हुन्छन् । निबन्धमा आफ्ना विचारहरू राख्न निबन्धकार स्वतन्त्र हुन्छ । तर विचारलाई श्रृङ्खलाबद्ध अर्थात सुश्रृङ्खलित बनाउनुपर्दछ ।

**आ) अनुभूति तत्व**

कुनै पनि निबन्धकारले निबन्ध लेखन गर्दा अनुभूतिलाई प्रधान बनाएर लेखन गर्छन् भने त्यस्ता निबन्धलाई अनुभूतिजन्य निबन्ध भनिन्छ । अनुभूति प्रधान भएर आउने निबन्धलाई भावात्मक निबन्ध भनिन्छ । यस्ता अनुभूतिजन्य वा भावात्मक निबन्ध लेखन गर्दा निबन्धमा अनुभूतिलाई अनुभूति श्रृङ्खला मिलाएर राख्नुपर्छ ।

**ख) शैली तत्त्व**

शैली निबन्धको आन्तरिक तत्व हो । निबन्धमा विशेष गरी सामान्य र साहित्यिक गरी दुई किसिमका शैली रहेका हुन्छन् । जसलाई निम्नानुसार वर्णन गर्न सकिन्छ :

**अ) साहित्यिक शैली**

साहित्यिक शैलीमा मानक विचलन नाम, सर्वनाम, विशेषण र क्रिया भएका ठाउँमा आउँछ । विशेषणभित्र सादृश्यमुलक विचार आएको हुन्छ । साहित्यिक शैलीमा शैलीवैज्ञानिक, सङ्कथन विश्लेषण र वाग्मिता शास्त्रीय उपकरणको सान्दर्भिक प्रयोग गरिएको हुन्छ ।

साहित्यिक शैलीविज्ञानले साहित्यका विभिन्न विधाहरूमध्ये निबन्धको पनि विश्लेषण गर्ने गर्दछ । शैलीविज्ञानले कृतिमा अन्तर्निहित भाषिक र सौन्दर्यशास्त्रीय दुवै पक्षाको अध्ययन विश्लेषण गरिन्छ । तसर्थ साहित्यको अध्ययन केन्द्रित शैलीविज्ञान नै साहित्यिक शैलीविज्ञान हो । साहित्यिक रचनामा लेखकले सौन्दर्यानुभूति गराउन विभिन्न बिम्ब प्रतीकहरूको प्रयोग, छन्द, अलङ्कार र रसको प्रयोग तथा अन्य थुप्रै पद्धतिहरूको समावेश गरेको हुन्छ ।

साहित्यिक शैलीविज्ञानमा विशिष्ट भाषाको वस्तुनिष्ठ अध्ययन हुन्छ । साहित्यकारले भाषालाई निबन्धमा कसरी प्रयोग गरेको छ ? भाषिक उपकरणहरूको चयन, संयोजन र प्रस्तुति कस्तो छ ? छन्द, लय, बिम्ब, प्रतीक, अलङ्कार, बल बिराम आदि कुराहरूको सूक्ष्म विश्लेषण साहित्यिक शैलीविज्ञान अन्तर्गत पर्दछ ।

**आ) सामान्य शैली**

निबन्ध प्राय: सामान्य शैलीमा नै अगाडि आएको देखिन्छ । निबन्धमा प्रयोग भएका मूल विचार नै सामान्य शैलीमा हुन्छन् । विशेष गरी निबन्धमा प्रयोग भएका भाषा साहित्यइतर अभिव्यक्तिको अध्ययन गरिन्छ । यस्ता सामान्य शैली प्रयोग भएका वाङ्मयलाई विषय क्षेत्रअन्तर्गत राखिन्छ । सामान्य शैलीमा शब्दभण्डारगत शैली र वाक्यसंरचनागत शैलीलाई मिलाएर प्रस्तुत गर्नुपर्छ ।

**ग) उद्देश्य**

साहित्य लेखनको कुनै न कुनै उद्देश्य हुन्छ । उद्देश्य बिनाको साहित्य गन्तव्यहीन यात्री, लगाम विनाको घोडा जस्तै हुन्छ । त्यस्तै निबन्ध लेखनको पनि आफ्नै उद्देश्य रहेको छ । उद्देश्य विनाको निबन्धको कुनै महत्त्व रहदैँन । निबन्धकारले आफ्ना निबन्धको माध्यमबाट आफ्ना मान्यता विचार धारणा अनुभव अनुभूति एवम् जीवनदर्शन पाठकसामु प्रस्तुत गर्दछ । निबन्धकार जुनसुकै विचार वा दर्शनमा केन्द्रित भएर निबन्धको रचना प्रक्रियामा के कुरा व्यक्त गर्न खोजेको हो त्यसको जानकारी निबन्धको पठनपश्चात हुनुपर्छ । छोटो समयमा पढ्न सकिने किसिमले सङ्क्षिप्त आयामभित्रै आफूले व्यक्त गर्न खोजेका कुरा निबन्धमा प्रस्तुत गरिने र उद्देश्यमै केन्द्रित रहेर निबन्धको रचना गरिन्छ ।

निबन्ध विश्लेषणको सैद्धान्तिक आधार अन्तर्गत वस्तु शैली र उद्देश्य पर्दछन् । वस्तुपरक निबन्धलाई विषयप्रधान निर्वैयक्तिक निबन्ध पनि भनिन्छ । वस्तुपरक निबन्धमा विषय प्रधान भई लेखकले आफ्नो विचार र भाव अभिव्यक्ति भएको हुन्छ । वस्तुपरक निबन्धमा विचार तत्व र अनुभूति तत्व समावेश भएका हुन्छन् । विचार तत्व भन्नाले निबन्धकारले आफ्ना विचार वा भावलाई प्रस्तुत गरी श्रृङ्खलाबद्ध रूपमा लेख्नु हो ।

शैली भन्नाले निबन्धको आन्तरिक तत्व हो । शैली सामान्य र साहित्यिक गरी दुई किसिमका हुन्छन् । साहित्यिक शैलीमा शैलीवैज्ञानिक, सङ्कथन विश्लेषण र वाग्मिता शास्त्रीय उपकरणको प्रयोग गरिएको हुन्छ । सामान्य शैलीमा विचार नै सामान्य रूपमा प्रयोग भएर आएको हुन्छ ।

त्यस्तै उद्देश्य भन्नाले निबन्ध लेखन पश्चात र पठन पश्चात के कस्तो जानकारी व्यक्त गर्न खोजेको बुझ्नु हो । उपरोक्त सैद्धान्तिक पर्याधारमा आधारित भई निबन्धकार कृष्णचन्द्र सिंह प्रधानकृत निबन्ध बुद्धको चिठी अशोकका नाममा को विश्लेषणात्मक अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

**निर्दिष्ट निबन्धको मूल्याङ्कन**

**क) वस्तुतत्त्वका दृष्टिले**

'गौतम बुद्धको चिठी अशोकका नाममा' निबन्ध आधुनिक निबन्ध साहित्य क्षेत्रका चर्चित एवम् अग्रणी व्यक्तित्व कृष्णचन्द्र प्रधानद्वारा लेखन गरिएको हो । यस निबन्धमा लेखक स्वयम् उपस्थित भई नेपाललाई शान्तिका दूत गौतम बुद्धको देश र भारतलाई प्रियदर्शि अशोकको देश भनेर भनी चर्चा गरेका छन् । यस निबन्धमा नेपाललाई 'म' र भारतलाई 'तिमी' को संज्ञा दिएका छन् । यहाँ नेपालले अहिलेसम्म नै बुद्धले सिकाएको शान्तिको मन्त्र जपिरहेको तर भारतले भने अशोकको प्रियदर्शिता छाडी शस्त्रअस्त्रको निर्माण गरी नेपाल लगायत छिमेकी राष्ट्रमाथि जाइलाग्न थालेको कुरा उल्लेख गरिएको छ ।

गौतम बुद्धको चिठी अशोकका नाममा निबन्धमा अनुभूति भन्दा विचार प्रधान भएर आएको निबन्ध भएकोले यस निबन्धलाई वैचारिक निबन्ध पनि भन्न सकिन्छ । निबन्धमा कहीँ कतै अनुभूति आएपनि लगभग निबन्धको सम्पूर्ण स्वरूप विचार प्रधान भएर नै बनेको छ । यस निबन्धमा विचार तत्व यसरी आएको छ :- **"मैले आफ्नै अस्तित्व बेचेर कहाँ नुन खाने गरेको छु र ।"** यस वाक्यमा निबन्धकारले आफूले आफ्नो अस्तित्व गुमाएर अर्कासँग नुन मागेर नखाने विचार प्रस्तुत गरेका छन् । त्यस्तै आफ्नो विचार व्यक्त गर्ने क्रममा उनले भनेका छन् :- **"ए मेरा हितैसी मित्र ! वोधिवृक्ष छैन भने भैगो, त्यहाँबाट आउनेहरू महेन्द्र छैनन्, संघमित्र छैनन्, भद्रबाहु छैनन् भने भैगो, अशोक नै नरहे पनि तिनको अर्थ पनि शायद रहेनन् ।"** आदि जस्ता थुप्रै विचारहरू प्रस्तुत भएको छ ।त्यस्तै यस निबन्धमा विचार सँगसँगै अनुभूति पनि आएको छ । यहाँ 'एसिया द्वीपका महान भारत ! तिमी अशोक हौँ ! तिमी महावीर हौँ ! तिमी महात्मा गान्धि हौँ ! एलिजावेथको उपनिवेश रहेनौँ । तर अङ्ग्रेजले भारत छोडे पनि भारतले अङ्ग्रेजलाई छाड्न नसकेकाले हो कि त्यँहा अर्को अङ्ग्रेज त जन्मिन लागेको छैन ?' भन्दै निबन्धकारले आफ्नो अनुभूत

व्यक्त गरेका छन् । निबन्धकारले नेपाल र भारत बिचको सुगौली सन्धिमा नेपालले खााडो पखालेको कुरा व्यक्त गर्दै 'विश्वास गर नेपालले त सुगौली सन्धिमै खाँडो पखालिसकेको छ ।' भन्दै आफ्नो अनुभूति व्यक्त गरेको पाइन्छ ।

निबन्धमा विषयवस्तु वैचारिक र अनुभूतिजन्य भएर आएका छन् । यहाँ कुनै ठाउँमा विचार र कुनै ठाउँमा अनुभूतिलाई प्रस्तुत गरिएको भएपनि निबन्धमा अनुभूति भन्दा बढी विचार तत्व आएका कारण उसलाई वैचारिक निबन्ध भनिन्छ ।

**शैलीतत्वका दृष्टिबाट**

आधुनिक नेपाली निबन्ध साहित्य क्षेत्रका चर्चित एवम् अग्रणी व्यक्तित्व कृष्णचन्द्र सिंह प्रधानद्वारा लिखित गौतम बुद्धको चिठी अशोकका नाममा निबन्ध 'म' र 'त' को प्रयोग गरी प्रथम र द्वितीय शैलीमा लेखिएको निबन्ध हो । यस निबन्धमा 'म' को आत्मकथात्मक शैली अवलम्वन गरिएको छ । यस निबन्धमा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरी लामाछोटा गरी बयालिस अनुच्छेद र नौ पृष्ठमा संरचित रहेको पाइन्छ ।

यस निबन्धमा शान्ती र मानवताका प्रतीकका रूपमा गौतम बुद्ध र अशोकलाई उभ्याउँदै भारतको ज्यादतीपूर्ण काम कारवाहीप्रति पनि व्यङ्ग्य गरिएको छ । यहाँ औरङगजेवा, नमक, तुफान जस्ता आगन्तुक शब्द र प्रियदर्शी बोधिवृक्ष संजिवनी जस्ता तत्सम शब्दको सन्तुलित प्रयोग गरिएको पाइन्छ । त्यस्तै बिचबिचमा प्रश्नात्मक तथा आश्चर्यवाचक चिह्नको प्रयोग तथा म गाली हैन, म ताली हैन जस्ता समानान्तर पद पदावलीको प्रयोग आकर्षक र श्रुतिरम्य भाषाको सिर्जना गरेको छ । तसर्थ यो निबन्धमा विषय तथा शिल्प दुवै दृष्टिले उत्कृष्ट र सफल छ भने सरल, सहज, सम्प्रेषणात्मक, कलात्मक, मौलिक, निजात्मक, प्रयोगात्मक एवम् बौद्धिक भाषाशैलीको प्रयोग गरिएको पाइन्छ ।

**शैलीतत्व अन्तर्गत भाषिक विचलनका दृष्टिले**

आधुनिक निबन्ध साहित्य क्षेत्रका चर्चित तथा अग्रणी एवम् प्रगतिवादी, प्रयोगवादी निबन्धकार व्यक्तित्व कृष्णचन्द्र प्रधानद्वारा लेखन गरिएको 'गौतम बुद्धको चिठी अशोकका नाममा' निबन्धमा विभिन्न भाषिक विचलनहरू रहेका छन् । यस निबन्धमा आर्थी विचलन, भाषिक विचलन र व्याकरणिक विचलन आदि विचलन देखा परेका छन् ।

**विचलन**

यस निबन्धमा आर्थी, भाषिक र व्याकरणीक आदि विचलनहरू रहेका छन् । यहाँ प्रयोग भएका आर्थी विचलनहरू निम्नानुसार रहेका छन् :

- लिलिपुटको देश र मान्छेभन्दा तिमी हामी कति माथि पुगेछौ, कति अग्लिएछौ हैँ ?

यस वाक्यमा प्रयोग भएको लिलिपुट शब्दले आर्थी विचलन ल्याएको छ ।

- उसको तिर्खामा गर्मी हैन, हिमाली छायाको भोक जागेछ भने भो:

यस वाक्यमा मानिसलाई गर्मीमा तिर्खा लाग्छ तर यहाँ गर्मीमा नभई हिमाली छायाको भोक जागेको कुरा उल्लेख गरेकाले यस वाक्यमा आर्थी विचलन देखिन्छ ।

- मैले पनि आकाश टेकेको रहेछु ........ पन्ध्र गजको पनि रहेनछ ।

यस वाक्यमा मानिसले आकाश टेक्न सकेको हुदैंन तर आकाश टेकेको बताएका छन् । हावामा बोल्ने गरेको कुरा उल्लेख गरेको छ त्यस्तै म्याराथुन दौड फत्ते नगरी पन्ध्र गजको दौड सकेको कुराले आर्थी विचलन ल्याएको छ ।

- त्यसैले होला औषधीमा पनि रोग लागेछ, राजनीतिको र शङ्कैशङ्कामा उधौँ झर्छौ र यो साँध जोखिम भई उभिदिन्छ ।

यस वाक्यमा औषधीले रोग निको पार्छ तर औषधीलाई रोग लागेको बताएका छन् भने राजनीतिको शङ्कामा उधौँ झर्दा सिमाना जोखिम भएर उभिने कुराले आर्थी विचलन ल्याएको छ ।

**यस निबन्धमा भाषिक विचलनहरू देखा परेका छन् :**

- शायद त्यस्तै उँचाइका तिमी हौँ, म हुँ, शायद यस्तै उँचाइका हामी मान्छे हौँ, देश हुन् क्यार !

यस वाक्यमा क्यार शब्द कथ्य वा स्थानीय भाषामा प्रयोग हे भएकाले यो भाषिक विचलन हुन आएको छ ।

- त्यसैले यता बुद्धलाई चैत्यमा बसालेर अब ता देवा बाल्ने र ओम् मणिका अक्षाता चढाउदैँ टक मार्ने मात्र गर्दछौ ।

यस वाक्यमा प्रयोग भएका अब ता देवा शब्दले भाषिक विचलन ल्याएको छ ।

- भ्याकुर खाएरै पनि बाँचिदिएको छस् त । गिठा खाएर पनि बाँचिदिएको छस् । सातु खाएर पनि बाँचेकै छस् भ्यातल खाएर पनि बाँचेकै छस् ।

यस वाक्यमा भ्याकुर, गिठा, सातु, भ्यातल शब्द भाषिक विचलनको रूपमा आएका छन् ।

**यस निबन्धमा व्याकरणीक विचलनहरू देखा परेका छन् :**

- आजभन्दा २५५२ वर्षअघि गौतम बुद्ध जन्मेका थिए यहाँ, नेपालमा ।
- आजभन्दा झण्डै २३०० वर्षअघि प्रियदर्शी अशोक जन्मेका थिए यहाँ, भारतमा ।

यी दुवै वाक्यमा क्रियापद (थिए) शब्दको प्रयोग बीचमा आएकाले व्याकरणीक विचलन आएको छ ।

- तैपनि बधाईँ दिनुपर्छ मैले तिमीलाई अशोक ! तिम्रो भारतलाई पनि ।

यस वाक्यमा नामको प्रयोग बीचमा भएको र क्रियापदको प्रयोग नभएको कारण व्याकरणीक विचलन देखा परेको छ ।

यसरी निबन्धमा निबन्धलाई रोचक र उपयुक्त बनाउन विभिन्न विचलनको प्रयोग भएको छ भने विचलनसँगै समानान्तरको पनि प्रयोग भएको पाइन्छ । जुन् निम्न छन् :

- म गाली हैन, म ताली हैन, म नाली हैन ।
- तिमी अशोक हौँ ! तिमी महावीर हौँ ! तिमी महात्मा गान्धि हौँ !
- वोधिवृक्ष छैन भने भैगो, त्यहाँबाट आउनेहरू महेन्द्र छैनन्, संघमित्र छैनन्, भद्रबाहु छैनन् भने भैगो,
- मरो नेपाल तँ आराममा बाँचिस्, तँ सधैँ बाफबाफमा बाँचिस्, तँ सधैँ नङ्ग्रा नखियाइकन बाँचिस् ।

**ग) उद्देश्यका दृष्टिले**

निबन्ध साहित्य क्षेत्रका चर्चित तथा अग्रणी एवम् प्रगतिवादी, प्रयोगवादी निबन्धकार व्यक्तित्व कृष्णचन्द्र प्रधानद्वारा लेखन गरिएको 'गौतम बुद्धको चिठी अशोकका नाममा' निबन्धमा मार्क्सवाद, फ्रायडवाद, विसङ्गतिवाद, अस्तित्ववाद तथा गान्धीवादको प्रभाव परेको पाइन्छ । यस निबन्धमा निबन्धकारले नेपाल र भारतबीचको ऐतिहासिक सम्बन्ध खोजि गरेको पाइन्छ ।

यस निबन्धमा आजका मान्छेमा मनुष्यताको भावना गुम्दै गएको छ । भारतले नेपालमाथि आक्रमण, नाकाबन्दी गर्नुको अर्थ आफ्ना आदर्श अशोक, गान्धी महावीर आदिलाई बिर्सेर मनुष्यत्वबाट विचलित बन्दै गएको कुरा उल्लेख गरिएको छ । त्यस्तैगरी भारतले गरेको नाकाबन्दीको घटनाबाट शिक्षा लिएर नेपालले आत्मनिर्भर बन्न सिक्नुपर्छ । नेपाल शान्तिप्रिय अर्थात शान्तिको प्रतीक बुद्धको देश भएकाले राष्ट्रियता, स्वाभिमान, आस्था, अस्तित्व, जोश र जाँगर देखाउँदै यिनै शक्तिका माध्यमबाट विदेशी शक्तिलाई परास्त गर्नुपर्छ, हातहतियारले सम्पन्न देशहरूभन्दा राष्ट्रियताको भावना प्रवल भएका देशहरूलाई महत्त्व दिनुपर्छ भन्ने भाव व्यक्त गरिएको पाइन्छ ।

अतः नेपालले अहिलेसम्म नै बुद्धले सिकाएको शान्तिको मन्त्र जपिरहेको तर भारतले भने अशोकको प्रियदर्शीता छाडी शस्त्रअस्त्रको निर्माण गरी नेपाल लगायत छिमेकी अरू राष्ट्रहरूमाथि जाइलाग्न थालेको कुरा गर्दै नेपाल र भारतको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि सम्बन्ध रहेको र एकअर्को बीच पर्खाल खडा नगरेकाले भारतले नाका थुन्नुको सट्टा नेपालसगँ प्रगाढ सम्बन्ध कायम गर्नुपर्छ र बन्धुत्वको भावना रहनुपर्छ भन्नु अर्थात देशप्रेम नै यस निबन्धको मूलभाव वा उद्देश्य रहेको पाइन्छ ।

**निष्कर्ष**

निबन्ध साहित्य क्षेत्रका चर्चित तथा अग्रणी एवम् प्रगतिवादी, प्रयोगवादी निबन्धकार व्यक्तित्व कृष्णचन्द्र प्रधानद्वारा लेखन गरिएको 'गौतम बुद्धको चिठी अशोकका नाममा' निबन्धमा मार्क्सवाद,

फ्रायडवाद, विसङ्गतिवाद, अस्तित्ववाद तथा गान्धीवादको प्रभाव परेको पाइन्छ । यो निबन्ध वैचारिक निबन्ध हो । यस निबन्धमा निबन्धकारले गौतम बुद्ध र अशोकको देश नेपाल र भारतबीचको सम्बन्धलाई प्रस्तुत गर्ने क्रममा आफ्ना विचारहरू व्यक्त गरेका छन् । तसर्थ यो निबन्ध वैचारिक निबन्ध हो । यो निबन्ध वैचारिक हुँदा हुँदै पनि यहाँ पाठको शिलशिलामा अनुभूति पनि आएको छ । यही विचार र अनुभूति मिलेर नै यो निबन्ध पठनयोग्य बनेको छ । यो निबन्धमा देशप्रेम नै मुख्य उद्देश्य बनेर आएको पाइन्छ ।

यस निबन्धमा निबन्धकारले नेपालका शान्तीका दूत भनेर गौतम बुद्ध र भारतका प्रियदर्शी अशोकको सम्बन्धलाई बिर्सेर अहिले भारतले नेपालमाथि आक्रमण, नाकाबन्दी गरिरहेको छ । यही कुरालाई निबन्धकारले भारतलाई 'त' र नेपाललाई 'म' भनेर निबन्ध लेखन गरेका छन् । यही सन्दर्भलाई अर्थात नेपाल र भारतबीचको पहिले र अहिलेको सम्बन्धका बारेमा यस निबन्धमा निबन्धकारले आफ्ना विचारहरू व्यक्त गरेका छन् । उनले विचारसगँसगैँ आफ्ना अनुभूतिलाई पनि निबन्धमा प्रस्तुत गरेका छन् ।

प्रधानले यस निबन्ध मार्फत नेपाललाई बुद्धको देश र भारतलाई अशोकको देश भनेर परिभाषित गर्दै भारत अहिले नेपाल भन्दा सम्पन्न भएको र नेपाललाई आक्रमण गर्न थालेको कुरा प्रस्तुत गर्ने क्रममा उनले निबन्धमा शब्द रखाइ, वाक्य छनोटका क्रममा विभिन्न विचलन (आर्थी विचलन, भाषिक विचलन, व्याकरणीक विचलन) तथा समानान्तरताको प्रयोग भएको छ । त्यस्तै पाठको अनुकूलतामा कहीँ सम्बद्धक (सार्वनामिक सम्बद्धक, स्थानिक तथा कालिक सम्बद्धक, संयोजक सम्बद्धक, लोप सम्बद्धक, पुनरावृत्ति सम्बद्धक) तथा सम्बद्धन त्यस्तै तत्सम, तद्भव र आगन्तुक शब्द स्थानीय वा कथ्य भाषाको प्रयोग गरी निबन्धलाई रोचक र प्रभावकारी बनाएको छ । निबन्धकारको यो निबन्ध लेख्नुको मुख्य उद्देश्य नेपाल र भारतबीच सुसम्बन्ध कायम गर्नुपर्छ, एकअर्काबीच पर्खाल खडा गर्नुहुँदैन बरु प्रगाढ सम्बन्ध कायम गर्नुपर्छ, सबैमा देशप्रेमको भावना हुनुपर्छ भन्ने धारणा रहेको छ ।

## सन्दर्भग्रन्थ सूची


ओझा, रामनाथ (२०७५), *आधुनिक नेपाली निबन्ध र समालोचना,* करुधारा पब्लिकेसन प्रा. लि ।

थापा, मिमांसु, (२०७३), *साहित्य परिचय,* पुल्चोक, साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६७), *आधुनिक नेपाली निबन्ध र अन्य विधा,* पुल्चोक,साझा प्रकाशन ।

सुवेदी,राजेन्द्र (२०५८), *स्रष्टा-स्रष्टि : द्रष्टा-द्रष्टि,* पुल्चोक, साझा प्रकाशन ।

बराल, ईश्वर (२०५८), *सयपत्री,* पुल्चोक, साझा प्रकाशन ।

ढुङ्गेल, भोजराज, दाहाल, दुर्गाप्रसाद (२०७४), *साहित्यशास्त्र र नेपाली समालोचना,* एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युट ।

पौडेल, माधवप्रसाद (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* भोटाहिटी,